DEMOCRACY RESOURCE CENTER

राजनीतिक परिवेश विश्लेषण

# कोशी प्रदेश नामाङ्कन पश्चात् उठेको पहिचान आन्दोलन र यसको प्रभाव

अंक १ भदौ २०८०

## १. पृष्ठभूमि

नेपालमा संघीय व्यवस्था लागू भएपश्चात् पहिलो पटक २०७४ मा गठित प्रदेशसभाबाट प्रदेश नम्बर १ बाहेक अन्य ६ ओटा प्रदेशको नामकरण भयो । मंसिर ४, २०७९ मा सम्पन्न दोस्रो प्रदेशसभा निर्वाचनपश्चात् गठन भएको प्रदेशसभाको पहिलो अधिवेशनमै प्रदेश नम्बर १ को नामकरणको विषयले प्रवेश पायो । प्रदेशसभामा प्रतिनिधित्व गर्ने दुई ठूला दल नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) [नेकपा (एमाले)] र नेपाली काँग्रेसबीच प्रदेश नम्बर १ को नाम 'कोशी' प्रदेश राख्ने सहमति भयो। पहिलो प्रदेशसभामा पनि नेकपा (एमाले) र नेपाली काँग्रेसले भूगोलका आधारमा प्रदेशको नामकरण गर्न चाहेका थिए। तर नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) [नेकपा (माओवादी केन्द्र)] सहित साना दलहरू प्रदेशको नामकरण पहिचानको आधारमा गर्नुपर्ने अडानमा रहे। उनीहरूको साथबिना दुई तिहाई मत नपुग्ने भएपछि नेपाली काँग्रेस र नेकपा (एमाले) रोकिएका थिए। २०७९ को प्रदेशसभा निर्वाचनको परिणामपश्चात् दुवै दल एक ठाउँमा उभिँदा दुई तिहाई मत पुग्यो। नेकपा (माओवादी केन्द्र) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) पनि प्रदेशको नाम कोशी राख्न सहमत भए।[1] तत्पश्चात् नेपालको संविधानको धारा २९५(२) बमोजिम फागुन १७, २०७९ मा प्रदेशसभाको पहिलो अधिवेशनको १३ औं बैठकमा प्रदेशको नाम कोशी राख्ने प्रस्ताव दर्ता गरियो।

प्रदेशको नामकरणका लागि प्रदेशसभा सचिवालयमा दुई वटा प्रस्ताव पेस भएका थिए। नेकपा (एमाले) का प्रदेशसभा सदस्य राम बहादुर मगरले 'कोशी' नाम राख्ने प्रस्ताव राखेका थिए। उक्त प्रस्तावको समर्थकमा नेपाली काँग्रेसका भूमिप्रसाद राजवंशी र नेकपा (एमाले) का निरन राई थिए। उक्त प्रस्तावमा कोशी नामको उपयुक्ताबारे यसरी उल्लेख गरिएको छ :

> "प्रदेशले आफ्नो नामकरण प्रदेशसभाबाट आफैले गर्नुपर्ने दायित्व पूरा गर्नका लागि यस प्रदेशमा विकसित भएका हिन्दू धर्म, बौद्ध धर्मको दर्शन, किरात सभ्यता, मिथिला सभ्यता, लिम्बुवान संस्कृति, बिराट क्षेत्रको इतिहास, कोच संस्कार र संस्कृति समेतलाई समेट्ने गरी तथा कोशी नदी र यसका शाखा नदीहरूमै ऐतिहासिक, धार्मिक तथा जातजाति, भाषा, सभ्यता र संस्कृतिको विकास भएकोले यस क्षेत्रको मूल आधारको रूपमा हिमालदेखि पहाड र तराईको भूभागमा कोशी नदी प्रवाहको क्षेत्र भित्रै सम्पूर्ण अवस्थाको वर्तमान र भावी विकास र समृद्धिसमेत जोडिएको हुनाले यस प्रदेशको नाम कोशी प्रदेश राख्न उपयुक्त ठानिएको छ।"[2]

त्यस्तै, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) [नेकपा (एकीकृत समाजवादी)] र जनता समाजवादी पार्टी (जसपा) ले बहुपहिचानमा आधारित 'किरात-लिम्बुवान-सगरमाथा' प्रदेश नाम राख्ने प्रस्ताव दर्ता गरेका थिए। प्रस्तावकमा नेकपा (एकीकृत समाजवादी) का संसदीय दलका नेता राजेन्द्र कुमार राई र समर्थकमा उक्त दलकै कमल प्रसाद जवेगु तथा जसपाकी निर्मला लिम्बू रहेका थिए। उक्त प्रस्ताव ध्वनीमतका आधारमा प्रदेशसभाबाट अस्वीकृत भयो।

प्रदेशको नाम कोशी राख्ने प्रस्तावमा प्रदेश सरकारको नेतृत्व गरिरहेको नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), राप्रपा र प्रतिपक्षी नेपाली कांग्रेसका सहित ८२ जना प्रदेशसभा सदस्यले मतदान गरेका थिए। यसरी प्रदेशसभामा तत्काल कायम रहेको सदस्य संख्याको दुई तिहाई बहुमतबाट सोही दिन उक्त नाम पारित भयो। उक्त दिन "विराटनगरस्थित प्रदेशसभा आसपासका क्षेत्रमा ठूलो संख्यामा सुरक्षा बल परिचालन गरेर, प्रदेशसभाको प्रत्यक्ष प्रसारण बन्द गरेर अनि सिमितबाहेक अरू सांसदलाई थाहासमेत नदिई प्रस्ताव दर्ता भएको दुई घन्टामै प्रदेशको नाम कोशी राखिएको थियो।"[3] यसरी हतारमा प्रदेशसभाबाट प्रदेशको नामकरण गर्दा आधारभूत लोकतान्त्रिक विधि तथा प्रक्रिया पालना हुन सकेको थिएन।

---

[1] अधिकारी, हरि। २०७९। प्रदेश १ को नाम : काँग्रेस र एमाले मिल्दा पारित भयो कोशी। *अनलाईनखबर*, फागुन १७। https://www.onlinekhabar.com/2023/03/1270879 मा उपलब्ध; भदौ १३, २०८० मा हेरिएको।

[2] बाहखरी। २०७९। प्रदेश–१ को नाममा एमाले–कांग्रेस सहकार्य : कोसी प्रस्ताव। फागुन १७। https://baahrakhari.com/detail/380138 मा उपलब्ध; भदौ ११, २०८० मा हेरिएको।

[3] अधिकारी, राजु। २०८०। कांग्रेस र माओवादीका सांसद भन्छन्- हतारमा कोशी नाम राखेर गल्ती भयो। *सेतोपाटी*, जेठ १४। https://www.setopati.com/politics/303022 मा उपलब्ध; भदौ ११, २०८० मा हेरिएको।

प्रदेशसभाबाट पारित नाम खारेज गरेर जातीय/समुदाय, भाषिक, साँस्कृतिक, भौगोलिक, क्षेत्रगत एवं ऐतिहासिक निरन्तरताको आधारमा पहिचानसहित प्रदेशको पुनःनामकरण गर्नुपर्ने माग राखेर आन्दोलन चलिरहेको छ। पहिचानको आधारमा कोशी प्रदेशको पुनःनामकरण गर्नुपर्ने आन्दोलन र त्यसको प्रभावबारे यो राजनीतिक परिवेश विश्लेषण केन्द्रित छ। यस राजनीतिक परिवेश विश्लेषणका लागि काठमाडौँ र कोशी प्रदेशको पाँचथर, इलाम, झापा र मोरङ जिल्लाका विभिन्न राजनीतिक दलका प्रतिनिधि, आन्दोलनका अभियन्ता, प्रदेशसभा सदस्य, प्राध्यापक, पत्रकार र नागरिकसँग संवाद गरिएको थियो। यस राजनीतिक परिवेश विश्लेषणले फागुन १७, २०७९ देखि भदौ ३०, २०८० सम्मको अवधिलाई समेट्छ।

## २. आन्दोलनको गतिविधि र तयारी

पहिचानसहित राज्य पुन:संरचनाको माग राख्दै विभिन्न राजनीतिक दल, आदिवासी जनजाति महासंघ लगायत विभिन्न समाजिक तथा धार्मिक संघसंस्थाहरूले २०६४ को संविधानसभादेखि नै आन्दोलन गर्दै आएका थिए। उनीहरूको माग विपरीत प्रदेश १ मा प्रदेशसभाबाट प्रदेशको नाम कोशी पारित गरिदा आन्दोलन फेरि चर्किएको छ।

"कोशी प्रदेश नामकरण हुँदैछ" भन्ने जानकारी पाएपछि फागुन १७, २०७९ बाट नै पहिचान पक्षधर आन्दोलनकारीले प्रदेश राजधानी विराटनगर लगायत मोरङको उर्लाबारी, झापाको बिर्तामोड, दमक लगायतका ठाउँहरूमा नामकरणको विरुद्ध प्रदर्शन गरेका थिए। त्यसपछि क्रमश प्रदेशको १४ ओटै जिल्लामा आमहड्ताल, राँके जुलुस प्रर्दशनको कार्यक्रम आयोजना गरिएको थियो। उक्त नामकरणको विरुद्ध आन्दोलनलाई ऐक्यबद्धता जनाउँदै काठमाडौँमा पनि पटकपटक प्रदर्शन भएको थियो। चैत ५, २०७९ विराटनगरमा भएको जनप्रदर्शनको क्रममा घाइते भएका पहिचान पक्षधर आन्दोलनकारी पदम लिम्बू 'लाजेहाङ' को चैत १०, २०७९ मा निधन भयो। त्यस्तै, चैत २४, २०७९ मा दमकमा आन्दोलनकारीहरूले गरेको राँके जुलुस प्रदर्शनलाई नियन्त्रण गर्ने क्रममा प्रहरीको गोली लागेर केही आन्दोलनकारी घाइते भएका थिए। उनीहरूको विभिन्न अस्पतालमा उपचार भइरहेको छ। प्रदेशसभाका कुल ९३ सदस्यमध्ये कोशी प्रदेश नामाङ्कनमा मतदान गर्ने ८२ जना प्रदेशसभा सदस्यहरूलाई बहिष्कार गर्ने, सरकारी कार्यालयमा लेखिएको कोशी प्रदेश नाम मेट्ने कार्य भइरहेको छ। प्रदेश नम्बर १ पुनःनामाङ्कन संयुक्त सङ्घर्ष समिति (समन्वय समिति) [यसपछि संयुक्त सङ्घर्ष समिति] ले आन्दोलनको नेतृत्व गरिरहेको छ। उक्त समितिले कोशी प्रदेश नाम खारेजीको माग गर्दै प्रदेशका तत्कालीन मुख्यमन्त्री हिक्मत कुमार कार्की र प्रदेशसभाका सभामुख बाबुराम गौतमलाई 'अल्टिमेटम पत्र' बुझाएका थिए।

राजनीतिक दलले बिना रोकटोक आफ्ना सांगठनिक गतिविधि गरिराखेका छन्। तर कोशी प्रदेशको पक्षमा वकालत गर्ने नेता तथा कार्यकर्ताले भने आन्दोलनकारीबाट विरोधको सामना गर्नुपरेको छ। संयुक्त सङ्घर्ष समितिका एक जना सदस्यका अनुसार कुनै पनि राजनीतिक दललाई सांगठनिक गतिविधि गर्न निषेध गरिएको छैन। राजनीतिक दलका सबै नेता तथा कार्यकर्ताको एकोहोरो विरोध पनि गरिएको छैन। कोशी प्रदेशको पक्षमा जनमत निर्माण गर्ने कार्यमा संलग्न नेता तथा कार्यकर्ता मात्र आन्दोलनकारीको विरोधको तारो बन्ने गरेका छन्। "आन्दोलनको मागलाई अपशब्द प्रयोग गरी गाली गर्ने नेकपा (एमाले) का केपी शर्मा ओली, योगेश भट्टराई र उचालेको भरमा आफ्ना समुदायको विरुद्ध उत्रिने छितिज थेवेलाई कार्यक्रममा नबोलाउन आयोजक पक्षलाई आग्रह गरिएको" संयुक्त सङ्घर्ष समितिको भदौ १, २०८० को विज्ञप्तिमा उल्लेख गरिएको छ।

कुनै पनि गतिविधि गर्दा कोशी प्रदेश पक्षमा बहस गर्ने, कोशी प्रदेश लेखेको तुल तथा ब्यानर प्रयोग गरेर राजनीतिक दलले गतिविधि गरेमा त्यस्ता कार्यक्रम आन्दोलनकारीले बिथोल्ने गरेका छन्। "सामान्य रूपमा सांगठनिक गतिविधि गर्न आन्दोलनकारीले कुनै पनि बाधा नगरेको" नेकपा (एमाले) पाँचथर जिल्ला कमिटीको अध्यक्षले बताए। नेकपा (एमाले) पाँचथर जिल्ला कमिटीले आठ ओटा गाउँपालिकामा विस्तारित बैठक सहज ढंगले सञ्चालन गरिराखेका छन्।

वर्षातको समय, कोशी प्रदेश सरकारको संवैधानिक हैसियतको विषयमा प्रश्न उठेको साथै प्रदेश सरकार अस्थिर भएकोले ठूलो जनप्रर्दशन भन्दा गाउँगाउँमा आन्दोलन विस्तार गर्न संयुक्त संङघर्ष समिति लागेको छ। विभिन्न जातजातिको चाडपर्व, उत्सव र किरात याक्थुङ चुम्लुङको स्थापना दिवसलाई पनि आन्दोलन तयारीको रूपमा उपयोग गरिराखेको छ। भदौ १६, २०८० मा किरात राई विद्यार्थी संघको स्थापना दिवसको उपलक्ष्यमा दमकको जनजाति भवनमा कार्यक्रम गरेको डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) का अनुसन्धानकर्ताले अवलोकन गरेका थिए। त्यस कार्यक्रममा पहिचान पक्षधर नेताहरूले नामाङ्कन विरुद्धमा मन्तव्य राखेका थिए। साथै, कार्यक्रममा कोशी प्रदेशको विरोध गर्दै झापाका विभिन्न स्थानबाट भेला भएका ११/१२ कक्षाका विद्यार्थीहरूले पहिचान सहितको प्रदेशको नामकरण गरिछाड्ने गीत गाउँदै परम्परागत साकेला नाच प्रर्दशन गरेका थिए। संयुक्त सङ्घर्ष समितिका एक सदस्यले आन्दोलनको तत्कालीन अवस्थाबारे भने, "अहिले वर्षात समय भएकोले आन्दोलन केही शिथिल देखिएको छ। यो समय भनेको मानो रोपेर मुरी उब्जाउने समय हो। अर्कोतर्फ, प्रदेश सरकार नै अस्थायी छ। साथै, सधैँ विरोध प्रर्दशन गर्नु खर्चिलो पनि छ। त्यसै मौकामा अहिले गाउँस्तरमा आन्दोलनको तयारी गरिराखेका छौँ। एक हिसाबले हामी शक्ति सञ्चय गरिराखेका छौँ। असोज महिनाबाट हामी फेरि सशक्त आन्दोलन गर्छौं।" पहिचान पक्षधरको आन्दोलनलाई नजिकबाट हेरिराखेका विराटनगरका एक पत्रकारले पनि हाल आन्दोलन निष्क्रिय भए जस्तो लागे पनि पहिचान पक्षधरको तयारी हेर्दा यसलाई आँधी आउनु अघिको सन्नाटाका रूपमा अर्थ्याए।

### *२.१ पहिचानका लागि युवा दस्ता गठन*

संयुक्त सङ्घर्ष समितिमार्फत् कोशी प्रदेशको १४ ओटै जिल्लामा पहिचानका लागि युवा दस्ता गठनको कार्य भइराखेको छ। ताप्लेजुङ, ओखलढुङ्गा र झापामा युवा दस्ता गठन भइसकेको बताइयो। युवा दस्ता गठन गर्न नेतृत्व गरिरहेका एक जना नेतृत्व कर्ताले यसको आवश्यकताबारे भने, "राज्यले पहिचान पक्षधरको आन्दोलनमा दमन गरेको छ। त्यसको प्रतिरोध तथा प्रतिकार गर्न हामीले पहिचानको लागि युवा दस्ता गठन गरेका हौँ। साथै, यसले आन्दोलनलाई व्यवस्थित र अनुशासित पनि बनाउन सहयोग गर्छ।

आन्दोलनको शीर्ष नेतृत्वका साथै आन्दोलनमा आएका फरक क्षमता भएका व्यक्ति साथै जेष्ठ नागरिकको संरक्षण गर्ने कार्य पनि यसले गर्छ।" उनीहरूलाई चार फुटको लाठीसहित आत्मसुरक्षाको तालिम दिइएको र व्यवस्थित गर्न आचारसंहिता निर्माण गरिएको बताइयो।

पहिचानको लागि युवा दस्ता गठन गर्न झापाको १५ ओटा पालिकामा गठित संयुक्त सङ्घर्ष समितिले प्रत्येक पालिकाबाट एक-एक सय जना गरी १,५०० जना पहिचानको लागि युवा दस्ता भदौ ३०, २०८० मा घोषणा गऱ्यो। त्यस्तै, पाँचथर जिल्लामा पनि १,००० जना युवा सम्मिलित पहिचानको लागि युवा दस्ता गठन भइरहेको बताइयो। सोही जिल्लाका पहिचान पक्षधर दलका एक नेतृत्व कर्ताका अनुसार "शुरू-शुरूमा युवा दस्ताको लागि युवा खोज्नुपर्ने अवस्था थियो। तर अहिले अवस्था बदलिएको छ। संयुक्त सङ्घर्ष समिति र यसको घटकका गतिविधि टोल-टोलमा पुगेपछि तथा सामाजिक सञ्जालमार्फत् पहिचानको लागि युवा जाग्नुपर्ने संदेश प्रवाहित भएपछि स्वतःस्फूर्त रूपमा युवा दस्तामा संलग्न हुन चाहनेको सङ्ख्या बढ्दो छ।"

संयुक्त सङ्घर्ष समितिको नेतृत्वले पहिचानको लागि युवा दस्ताको व्यवस्थापन, परिचालन तथा नियन्त्रण कसरी गर्छ भन्ने कुरा महत्त्वपूर्ण छ। मोरङ जिल्लाका एक राजनीतिक विश्लेषकका अनुसार विगतमा 'लिम्बुवान भोलेन्टियर्स' को गतिविधि नेतृत्वको नियन्त्रण बाहिर गएर चन्दा असुली, कुटपिट जस्ता गतिविधिमा बढी केन्द्रित थियो। नेतृत्वले बेलैमा ध्यान नदिएमा पहिचानको लागि युवा दस्ता पनि त्यही दिशामा जानसक्छ। त्यसलाई सुरक्षा चुनौतीको रूपमा अर्थ्याएर राज्य दमनमा उत्रन सक्छ। त्यसैले पहिचान पक्षधर आन्दोलनको नेतृत्वकर्ता बढी जिम्मेवार र सजग हुनुपर्छ। नेपाली काँग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र) तथा राप्रपाका नेताले पनि पहिचानका लागि युवा दस्ता कानूनको परिधिमा बसेर पहिचानको मुद्दालाई तल्लो तहसम्म लैजाने संवाहकको रूपमा मात्र सिमित हुनुपर्ने बताए। अन्यथा यसले सुरक्षा चुनौती थप्ने उनीहरूले पनि स्वीकारे।

## ३. आन्दोलनको नेतृत्व

विगतमा पहिचान पक्षधर दलहरू नै पहिचानसम्बन्धी आन्दोलनको नेतृत्वदायी भूमिकामा रहन्थे। पहिचान पक्षधर दलको रूपमा सक्रिय संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, संघीय लिम्बुवान पार्टी नेपाल, राष्ट्रिय जनमुक्ति पार्टी लगायत भित्र भएको विभाजन र विग्रहले उनीहरूको गतिविधि कमजोर भएका छन्। हालको आन्दोलनमा पहिचान पक्षधर राजनीतिक दलका नेतृत्व छायाँमा परेका छन्। आन्दोलनको नेतृत्व संयुक्त सङ्घर्ष समितिले गरिराखेको छ। यसमा नेपाल आदिवासी जनजाति महासंघ, किरात याक्थुङ चुम्लुङ, किरात राई यायोक्खा, नेपाल शेर्पा संघ र पहिचान सहितको प्रदेश नम्बर १ पुनःनामाङ्कन अभियान सहित ४० भन्दा बढी सामाजिक तथा राजनीतिक दलका घटकहरू आन्दोलनमा सामेल छन्। पहिचानको मुद्दालाई तल्लो तहसम्म पुऱ्याउन साथै आन्दोलनको तयारी गर्न किरात याक्थुङ चुम्लुङ, किरात राई यायोक्खा, नेपाल शेर्पा संघ, किरात धर्म तथा साहित्य उत्थान संघ जस्ता सामाजिक तथा धार्मिक संघसंस्थाले नेतृत्वदायी भूमिका खेलेका छन्। यद्यपि, आन्दोलनलाई निष्कर्षमा पुऱ्याउन र यसलाई थप गति दिन राजनीतिक नेतृत्वको भूमिकालाई नजरअन्दाज गर्न सकिँदैन।

## ४. आन्दोलन भित्र नामकरणको अन्तर्विरोध

आन्दोलनको नेतृत्व गरेका विभिन्न सामाजिक तथा धार्मिक संघसंस्था प्रदेशको नामकरण कोशी खारेज गरेर पहिचानको आधारमा पुनःनामाङ्कन गर्नुपर्नेमा एक मत छन्। तर भविष्यमा पहिचानको आधारमा के नाम राख्ने भन्नेमा आन्दोलनकारीबीच फरक मत रहेको छ। आन्दोलनकारीबीच बहुपहिचानको आधारमा प्रदेशको नाम राख्नुपर्ने पहिलो मत रहेको छ। उनीहरूले 'किरात-लिम्बुवान-कोशी' वा 'लिम्बुवान-किरात-कोशी' नामकरण गर्ने राय व्यक्त गरे। त्यसबाहेक प्रदेशको नामकरण किरात, लिम्बुवान हुनुपर्छ भन्ने मत पनि बलियो छ। झापामा संवाद गरिएका आदिवासी जनजातिमध्ये राजवंशी समुदायले प्रदेशको नामकरण कोचिला राख्नुपर्नेमा जोड दिए। संयुक्त सङ्घर्ष समितिमार्फत् आफ्नो माग पूरा नहुने भएकोले कोचिला सङ्घर्ष समितिको गठन गरेर आन्दोलनमा लाग्ने बताए। मोरङमा भेटिएका धिमाल समुदायका आन्दोलनकारीहरूले लिम्बुवान प्रदेश भित्र 'धिमाल स्वायत्त क्षेत्र' स्वीकार गर्न सकिने बताए। तर राजवंशी समुदायका आन्दोलनकारीहरूले भने विशेष वा स्वायत्त क्षेत्रको माग स्वीकार्य नहुने बताए। त्यस्तै शेर्पालुङलाई पनि स्वायत्त वा विशेष क्षेत्रका रूपमा राख्न सकिने मत आन्दोलनकारीको थियो। तर शेर्पा समुदायले विशेष वा स्वायत्त क्षेत्र सजिलै स्वीकार गर्नेमा भने आन्दोलनकारीले नै आशंका व्यक्त गरे। झापाका केही आन्दोलनकारीले प्रदेश भित्रका आदिवासी जनजातिको गोलमेच सम्मेलनमार्फत प्रदेशको नाम पहिचानको आधारमा निर्णय गर्नुपर्ने मत जाहेर गरे। यसरी फरकफरक समुदायको फरक नामको चाहनाले भविष्यमा पहिचानको आधारमा नामकरण गर्ने काम अझ जटिल हुन सक्छ।

## ५. दलमा आन्दोलनको असर

कोशी प्रदेश नामकरणको पक्षमा मतदान गरेका राजनीतिक दलहरू नेकपा (माओवादी केन्द्र), नेपाली काँग्रेस, नेकपा (एमाले) भित्रका पहिचान पक्षधर नेता तथा कार्यकर्तामा असन्तुष्टि देखिन्छ। यी दलका कार्यकर्ता खुलेर आन्दोलनमा सामेल भए पनि नेता भने आन्दोलनमा प्रत्यक्ष रूपमा लागेका छैनन्। कोशी प्रदेश नेपाली काँग्रेसका एक जना जिल्ला सभापति भन्छन् "पहिचानको आधारमा नै प्रदेशको नामकरण हुँदा पनि कुनै आपत्ति हुनुहुँदैन थियो। तर दलका शीर्ष नेतृत्वले यसलाई प्रतिष्ठाको विषय बनाए। केन्द्रले ह्वीप लगाएकोले नेपाली काँग्रेसका प्रदेशसभा सदस्यले कोशी प्रदेशमा मतदान गरेका हुन्। नामकरणको विषयमा जिल्ला नेतृत्वसँग छलफल हुनुपर्थ्यो तर कुनै सरसल्लाह नै भएन। त्यसैले हामीले विज्ञप्ति निकालेर पहिचानको पक्षमा समर्थन गरेका हौँ।" आन्दोलनमा उभार आएसँगै नेपाली काँग्रेस कोशी प्रदेशका १४ जिल्लाका सभापतिहरूले प्रदेशका नाममा पुनःविचार गर्न संयुक्त विज्ञप्तिमार्फत आग्रह गरेका थिए। सो विज्ञप्तिमा भनिएको थियो : "प्रदेश नम्बर १ को नाम कोशी राखिएकोमा गम्भीर आपत्ति जनाउँदै प्रदेशका जनता आन्दोलित भएकोप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ। ... प्रदेशसभाले कोशी नाम राखेपछि जनताको ठूलो तप्काले अहिले विरोध गरिराखेका छन्। यो विरोधको सुनुवाई नेपाली काँग्रेको नेतृत्वले गर्नुपर्छ ।"

पहिचानको मुद्दा आफूले अगाडी सारे पनि अन्तिममा प्रदेशको नामकरण हुँदा पहिचानको विपक्षमा मतदान गर्नु गल्ती भएको नेकपा (माओवादी केन्द्र) का एक प्रदेशसभा सदस्यले बताइन्। पहिचानको एजेण्डा नेकपा (माओवादी केन्द्र) ले ल्याए पनि पहिचानको आधारमा नाम के राख्ने भन्ने विषयमा दल भित्र कहिल्यै पनि गम्भिर छलफल तथा तयारी नभएको उनको भनाई थियो। उनका अनुसार नेकपा (माओवादी केन्द्र) ले पहिचानको पक्षमा दह्रो अडान लिन सकेको भए नेपाली काँग्रेसका पहिचान पक्षधर प्रदेशसभा सदस्यलाई पनि कोशी नामकरण विरुद्ध उभिन दबाब पर्थ्यो। परिणामतः कोशी नामकरण विरुद्ध प्रदेशसभामा फरक परिस्थिति निर्माण हुन्थ्यो भन्ने उनको जिकिर थियो।

नेकपा (एमाले) का नेता तथा प्रदेशसभा सदस्यहरूबीच कोशी नामकरणको पक्षमा समान धारणा पाइन्थ्यो। उनीहरूका अनुसार कोशी कुनै निश्चित जातिको भन्दा पनि आदिकाल देखिको सभ्यता हो। कोशी जलाधार क्षेत्रभित्र सबै जातजातिको साझा सभ्यताको विकास भएको हो। नेकपा (एमाले) का एक नेताले भने, "अन्य दलले जस्तो कोशी प्रदेश राखेर कमजोरी भयो, पुनःनामकरण हुनुपर्छ भन्ने पक्षमा हामी छैनौँ। तर पहिचान पक्षधरसँग यसबारेमा छलफल गर्न तयार छौँ।" यद्यपि, कोशी प्रदेश नामकरण भएपछि यस नामकरण विरुद्ध पार्टीको बैठकमा प्रश्न भने उठ्ने उनले स्वीकारे। आन्दोलन पहिचानकै पक्षमा उभिए पनि केन्द्रीय नेतृत्वको रबैयाका कारण जसपाभित्र पनि कोशी प्रदेशको कार्यकर्तामा व्यापक असन्तुष्टी रहेको छ। पहिचान पक्षधरको समर्थनलाई जसपाले आफ्नो पक्षमा पार्न नसकेको उनीहरूको गुनासो थियो। "केन्द्रमा जसपा सरकारमा छ। यहाँ जसपाका कार्यकर्ता आन्दोलनको नेतृत्व गरिराखेका छन्। दलको बैठकमा बोलाउदा पनि कार्यकर्ता आउन छोडेका छन्। केन्द्रीय सरकारमा बसेर पहिचानको आन्दोलनलाई कमजोर बनाएको आरोप बैठकमा आउने कार्यकर्ताले लगाउने गरेका छन्", जसपाका एक जना जिल्ला अध्यक्षले भने। आन्दोलनको प्रभाव स्वरूप समाजवादी मोर्चाले प्रदेश राजधानी विराटनगरमा आयोजना गरेको कार्यक्रमको ब्यानरमा प्रदेश समिति मात्र उल्लेख गरेको थियो। मोर्चामा रहेका जसपा, नेकपा (एकीकृत समाजवादी), नेकपा (माओवादी केन्द्र) का नेताहरूले ब्यानरमा कोशी लेख्ने वा नलेख्ने विषयमा मतान्तर भएपछि प्रदेश समिति मात्र लेखिएको थियो। मोर्चाका प्रचार सामग्रीमा पनि कोशी प्रदेश लेखिएको छैन।[४]

[४] बाह्रखरी। २०८०। कोसी नामकरण विवाद : प्रधानमन्त्री सहभागी सभाको ब्यानरमा प्रदेशको नाम नै छैन। २५ भदौ। https://baahrakhari.com/detail/399336 मा उपलब्ध; भदौ २६, २०८० मा हेरिएको।

## ६. आन्दोलनको सम्भावित परिदृश्य

पहिचान पक्षधर आन्दोलनकारीमा कोशी नाम तत्काल खारेज भएर आन्दोलन निष्कर्षमा पुग्ने विश्वास कम देखिन्छ। समस्या समाधानको लागि कोशी प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलहरूको सर्वदलीय वार्ता समिति बनाएर अघि बढ्नुपर्ने केही आन्दोलनकारीको राय थियो। कोशी नामकरणपछि नेपाली काँग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र) र जसपा जस्ता दलप्रति कार्यकर्तामा वितृष्णा बढेको आन्दोलनकारी जानकार छन्। त्यसैले कोशी प्रदेशमा पहिचान पक्षधरको क्षेत्रीय दल निर्माण गर्नुपर्छ भन्ने बहस घनीभूत रूपमा भइराखेको छ। मंसिर २०७९ मा भएको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा सुदूरपश्चिम प्रदेशमा नागरिक उन्मुक्ति पार्टीले प्राप्त गरेको सफलताबाट पहिचान पक्षधरहरू निकै हौसिएको पाइन्छ। पहिचान पक्षधर नेताहरूका अनुसार, पहिलो प्रयास पहिचान पक्षधरहरूको क्षेत्रीय दल निर्माण गर्ने, त्यो प्रयास असफल भएमा पहिचान पक्षधरहरूको मोर्चा बनाउने रहेको छ। आगामी प्रदेशसभा निर्वाचनमार्फत् प्रदेशसभामा बलियो उपस्थिति बनाएर प्रदेशसभाबाट नै कोशी नाम खारेज गर्न दबाब सिर्जना गर्ने रहेको छ। अर्को, पहिचानको पक्षमा निरन्तर आन्दोलन गर्ने र त्यसकै बलबाट राजनीतिक निर्णय गरेर कोशी प्रदेश खारेज गर्ने मत पनि पाइन्छ।

कोशी प्रदेश नामकरण विरुद्ध भएको आन्दोलनको प्रभाव अन्य प्रदेशमा पनि परेको छ। उदाहरणको लागि स्वायत्त ताम्सालिङ प्रदेश घोषणा र पहिचानको आधार प्रदेश नामकरण गराउन दबाब दिने उद्देश्यले ताम्सालिङ संयुक्त सङ्घर्ष समिति नेपालको गठन भएको छ।

आन्दोलनलाई समर्थन गरिरहेका एक नागरिक अधिकारकर्मीका अनुसार आन्दोलनको नेतृत्वले बुद्धिमतापूर्वक पहिचानको परिभाषा नगरेमा र सबैलाई बुझाउन नसकेमा पहिचान सहितको संघीयताले परिकल्पना गरेको बराबरीको हकका दावीको सट्टा प्रतिशोधले ठाउँ लिन सक्छ। आन्दोलनमा हिंसात्मक मनोविज्ञानले ठाउँ पाउन सक्छ। त्यसकै आधारमा राज्य दमनमा उत्रिन सक्छ। यसले गर्दा हाल प्राप्त उपलब्धिलाई पनि संकटमा पार्न सक्छ।

◆◆◆

सन् २०१४ मा स्थापित डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) सामाजिक र राजनीतिक विषयमा अध्ययन-अनुसन्धान गर्ने राष्ट्रिय गैर-सरकारी संस्था हो। स्थापनाकालदेखि यस संस्थाले नेपालको संक्रमणकालीन राजनीतिमा संघीयता कार्यान्वयनको प्रक्रिया, स्थानीय तह पुनःसंरचना, निर्वाचन पर्यवेक्षण, जस्ता विषयमा स्थलगत र तथ्यमा आधारित अध्ययन-अनुसन्धान गरेको छ। डीआरसीएनले गरेका अध्ययन-अनुसन्धानका निष्कर्ष सरोकारवालाहरूसँग प्रस्तुत गर्ने, छलफल र बहस पनि चलाउने गरेको छ। यस्ता अनुसन्धान कार्य र बहसमार्फत नेपालको संघीय संरचना अन्तर्गत प्रभावकारी शासन पद्दतिको प्रवर्द्धन गर्नु डीआरसीएनको लक्ष्य हो।

DEMOCRACY
RESOURCE CENTER

डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल

कुपण्डोल, ललितपुर, नेपाल | फोन : +९७७-१-५९०२२८६
info@democracyresource.org | https://www.democracyresource.org/